नेपाल सरकार

# विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

आज मिति २०७२।०७।२० गते माननीय विज्ञान, प्रविधि तथा वातावरण मन्त्री श्री विश्वेन्द्र पासवानज्यूको उपस्थितिमा पत्रकार सम्मेलन सम्पन्न भयो। उक्त सम्मेलनमा मन्त्रालयका सचिव डा. कृष्णचन्द्र पौडेलज्यूले मन्त्रालयको स्थापना, कार्यक्षेत्र, भूमिका, जिम्मेवारी एवं भावी कार्ययोजना र मन्त्रालयले हालसम्म सम्पन्न गरेका प्रमुख कार्यहरु र तीनका उपलब्धीका सम्बन्धमा विस्तृत रुपमा उल्लेख गर्नु भयो।

सोही अवसरमा मा. मन्त्रीज्यूले पत्रकारहरुबाट सोधिएका विभिन्न प्रश्नहरुको जवाफ दिदै वातावरण र उर्जा संकट भएको अहिलेको अवस्थामा विज्ञान प्रविधिको क्षेत्रमा राष्ट्र र जनताको प्राथमिकताका कार्यहरु गर्ने, ईन्धनको आवश्यकता पुर्ति गर्न तत्काल जनताको घरमा चुल्हो बल्ने योजनालाई प्राथमिकतामा राख्नु पर्ने विचार व्यक्त गर्नु भयो। विपन्न वर्गलाई इन्धनको रुपमा सौर्यउर्जा प्रणानी जडान गर्न व्यवस्था गर्ने, E-vehicle र साइकलको प्रयोग मन्त्रालयबाटै सुरु गर्ने, ग्रामिण र दुर्गम भेगका प्रत्येक विद्यालयमा विज्ञान अध्ययन केन्द्र स्थापना गर्न समेत जोड दिनु हुदै हिमालको एक थोपा पानी खाएर बाँच्न तयार छौं तर स्वाभिमान डगाउँदैनौ र संविधानको पारदर्शी र नैतिकता भित्र रहेर कार्य गर्छौं भन्नु भयो। यस मन्त्रालयले संसारको ध्यान आकृष्ट गर्ने गरी कार्य गर्न निर्देशन दिनु भयो।

साथै मा. मन्त्रीज्यूले आफू स्वयंले पनि राजनीतिक, क्षेत्रीय, जातिय र लैङ्गिक विभेद नगरि मन्त्रालयको उद्देश्य अनुसारका कार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो भने मन्त्रालयका सम्पूर्ण कर्मचारीहरुले पनि सोही बमोजिम विभेद नगरिकन मन्त्रालयको जिम्मेवारी वहन गर्दै कार्य सम्पादन गर्नु हुन निर्देशन दिनु भयो। पत्रकार एवं उपस्थित अन्य कर्मचारीहरुलाई माननीय मन्त्रीज्यू एवं श्रीमान् सचिवज्यूले धन्यवाद दिनु भयो।

......................
(महेन्द्र कुमार थापा)
सह सचिव/
प्रवक्ता